# लुम्बिनी प्रदेशको वन्यजन्तु उद्धार केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन (DPR सहित) का लागि तयार गरिएको

## कार्य क्षेत्रगत शर्त (ToR)

लुम्विनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) नेपाल
२०८२, चैत्र

प्रमोद भट्टराई
सचिव

## १. पृष्ठभूमि (Background)

नेपालले वन संरक्षणमा हासिल गरेको उपलब्धिसँगै संरक्षित र अन्य वन क्षेत्रहरूमा वन्यजन्तुको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । यस वृद्धिसँगै मानवीय बस्ती विस्तार, वन क्षेत्रको खण्डीकरण तथा पूर्वाधार विकासका कारण मानव र वन्यजन्तु बीचको द्वन्द्व (Human-Wildlife Conflict - HWC) बढदै गएको छ र यो लुम्बिनी प्रदेशको वन क्षेत्रको एक प्रमुख चुनौतीको रूपमा देखा परेको छ। विशेष गरी बाँके, बर्दिया, दाङ, कपिलवस्तु, र नवलपरासी जस्ता जिल्लाहरूमा बाघ, गैंडा, हात्ती, चितुवा र जंगली बँदेल जस्ता प्रमुख वन्यजन्तुहरूबाट मानव र पशुधनको क्षति बढेको छ । उदाहरणका लागि, प्रदेश वन निर्देशनालयको तथ्याङ्क अनुसार, आ.व. २०८१/८२ मा मानव-वन्यजन्तु द्वन्द्वमा परी ७ जनाले ज्यान गुमाए र १८ जना घाइते भए भने १४४ भन्दा बढी पशुधनको क्षति भएको छ । पहाडी क्षेत्रका जिल्लाहरू विशेषगरि अर्घाखाची, पाल्पा, गुल्मी, रोल्पामा समेत चितुवा, बदेल र बादरको आक्रमणबाट पशुधन तथा कृषिवालीमा भएको क्षति उल्लेख्य रुपमा वृद्धी हुदै गएको देखिन्छ । यसरी वन्यजन्तुबाट भएको आक्रमण वा क्षतिको प्रतिशोध स्वरुप मानव बाट समेत वन्यजन्तुहरुलाई मार्ने, सिकार गर्ने, घाईते बनाउने लगायतका घटनाहरुमा समेत वृद्धी भएको देखिन्छ ।

यसरी मानव वन्यजन्तु बिच भएको द्धन्द्वबाट वन्यजन्तुहरुको चोरीशिकार, घाइते र दुर्घटना हुने संख्या बढिरहेको छ । तर, लुम्बिनी प्रदेशभित्र घाइते, बिरामी वा टुहुरा वन्यजन्तुहरूको सुरक्षित उद्धार, तत्काल उपचार, हेरचाह र प्राकृतिक वासस्थानमा पुनर्स्थापनाका लागि विशेषज्ञ टोली सहितको वन्यजन्तु उद्धार केन्द्रको अभाव रहेकोछ । हाल डिभिजन वन कार्यालयहरू र सुरक्षाकर्मीहरूले अपर्याप्त उपकरण (जस्तै ट्रान्क्विलाइजर गनको अभाव, वन्यजन्तु एम्बुलेन्स) र दक्ष जनशक्तिबिना उद्धार कार्य गर्नुपर्ने बाध्यता छ, जसले गर्दा धेरै वन्यजन्तुको उद्धारको क्रममा वा उद्धारमा ढिलाइ हुँदा मृत्यु हुने गरेको छ भने कर्मचारीहरु र स्थानीयहरु समेत घाईते भएको देखिन्छ। यसले गर्दा वन्यजन्तु संरक्षणका प्रयासहरू कमजोर भएका छन् र स्थानीय समुदायमा समेत नकारात्मक प्रभाव परेको छ। तसर्थ, प्रदेशमा मानव वन्यजन्तु बिचको द्धन्द न्यूनीकरण गर्न र घाईते वन्यजन्तुको सकुशल उद्धार गरि समस्याग्रस्त वन्यजन्तुको व्यवस्थापन गर्न यो केन्द्र स्थापना गर्न अपरिहार्य रहेको छ ।

## २. अध्ययनको औचित्य (Rationale of the Study)

लुम्बिनी प्रदेशको वन्यजन्तु उद्धार केन्द्र स्थापनाका लागि यो सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तर्जुमा गर्नुको मुख्य औचित्यहरू निम्न रहेका छन्: पहिलो- मानव वन्यजन्तु विचको द्धन्द न्यूनीकरण गर्न, दोस्रो समस्याग्रस्त वन्यजन्तुहरुको सकुशल उद्धार, उपचार गरी सुरक्षित बासस्थानमा पुन:स्थापित गर्न, तेस्रो- उद्धार केन्द्रलाई पर्यटन संग जोडि पर्यापर्यटन प्रवर्द्धन गरी प्रदेशको

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय ... उपत्यका (देउखुरी), नेपाल

प्रमोद भट्टराई
सचिव

आयआर्जनमा समेत वृद्धी गर्नु यस अध्ययनको मुख्य औचित्य रहेको छ। अन्तमा, यो DPR ले परियोजनाको आर्थिक र वित्तीय दिगोपना सुनिश्चित गर्न मद्दत गर्नेछ । विस्तृत लागत अनुमान, लगानीको रणनीति र आयोजनाको कार्यान्वयन ढाँचा तयार गरी प्रदेशको वन्यजन्तु उद्धार क्षेत्रमा गरिने लगानीलाई प्रभावकारी र प्रतिफलमुखी बनाउन यसको आवश्यकता रहेको छ ।

## ३. कार्यको उद्देश्य (Objectives of the Assignment)

- लुम्बिनी प्रदेशमा वन्यजन्तु उद्धार केन्द्र स्थापनाका लागि प्राविधिक, वातावरणीय, सामाजिक, आर्थिक र वित्तीय सम्भाव्यता अध्ययन गर्नु।
- उद्धार केन्द्रको लागि उपयुक्त स्थान, क्षेत्रफल र मुख्य ५ वटा समस्याग्रस्त वन्यजन्तु प्रजातीहरुको उद्घार गरी राख्न आवश्यक पर्ने पूर्वाधार पहिचान गरी सिफारिस गर्नु।
- केन्द्र सञ्चालनका लागि आवश्यक विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्नु।
- परियोजनाको कार्यान्वयन योजना सिफारिस गर्नु।

## ४. कार्यक्षेत्र (Scope of Work)

परामर्शदाताले निम्न कार्यहरू सम्पन्न गर्नुपर्नेछः

### क. प्रारम्भिक कार्य तथा स्थलगत अध्ययन (Inception and Site Study)

- प्रारम्भिक प्रतिवेदन (Inception Report): कार्यविधि, कार्यतालिका र टोली परिचालन योजनासहितको प्रारम्भिक प्रतिवेदन पेस गर्ने।
- क्षेत्र छनौट (Site Selection): प्रदेशभित्रका वन्यजन्तुको जोखिम र उपलब्धता, सडक पहुँच, विद्युत र पानीको उपलब्धता, वनको अवस्था र स्थानीय सरोकारवालाको सहयोग आदिको आधारमा न्यूनतम २ वटा सम्भावित स्थानहरूको प्रारम्भिक मूल्याङ्कन गरी प्राथमिकिकरण गरि स्थान सिफारिस गर्ने।
- स्थलगत सर्वेक्षण (Field Survey): सिफारिस गरिएको स्थानको भू-बनोट (Topography), माटोको अवस्था (Geotechnical), वनको अवस्था, वातावरणीय संवेदनशीलता, सामाजिक अवस्था र कानुनी पक्षको विस्तृत सर्वेक्षण गर्ने।

### ख. सम्भाव्यता अध्ययन (Feasibility Study)

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रमोद भट्टराई
सचिव

- माग विश्लेषण (Demand Analysis): प्रदेशमा मानव-वन्यजन्तु द्वन्द्व, उद्धार गरिएका वन्यजन्तुको प्रकार, संख्या र उद्धारको आवश्यकताको विगतको कम्तिमा ३ वर्षको तथ्याङ्क विश्लेषण गर्ने।
- प्राविधिक सम्भाव्यता (Technical Feasibility):
  - उद्धार केन्द्रको क्षमता (Capacity) निर्धारण गर्ने।
  - उद्धार र पुनर्स्थापनाका लागि आवश्यक उपकरण, औजार र जनशक्तिको अनुमान गर्ने।
- वातावरणीय तथा सामाजिक सम्भाव्यता (Environmental and Social Feasibility):
  - आयोजनाबाट पर्न सक्ने वातावरणीय प्रभावहरुको अध्ययन गरी र न्यूनीकरणका उपायहरू पहिल्याई EMP (वातावरणीय व्यवस्थापन योजना) तयार गर्ने।
  - स्थानीय समुदाय र सरोकारवालाहरूको सहभागिता र सामाजिक स्वीकृति (Social Acceptance) को विश्लेषण गर्ने।
- आर्थिक तथा वित्तीय सम्भाव्यता (Economic and Financial Feasibility):
  - परियोजनाको कुल अनुमानित लागत (Capital Cost) र सञ्चालन तथा मर्मत खर्च (O&M Cost) अनुमान गर्ने।
  - आयोजनाको लागत-लाभ अनुमान (Cost-Benefit Analysis) तथा वित्तीय दिगोपनाको मूल्याङ्कन गर्ने।
  - लगानीका सम्भावित स्रोत र वित्तीय मोडल सिफारिस गर्ने।

ग. विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report – DPR)

- विस्तृत डिजाइन (Detailed Design): केन्द्रको समग्र मास्टर प्लान र स्वीकृत लेआउट अनुसार सबै भौतिक संरचनाहरूको विस्तृत वास्तुगत (Architectural), संरचनागत (Structural), विद्युत, पानी र सरसफाइ लगायतका डिजाइन र ड्रइङ तयार गर्ने।
- लागत अनुमान (Cost Estimate): प्रचलित सरकारी दर तथा बजार मूल्यका आधारमा सबै कामहरूको विस्तृत परिमाणको बिल (BoQ) सहितको लागत अनुमान तयार गर्ने।
- कार्यान्वयन योजना (Implementation Plan): परियोजना कार्यान्वयनको विस्तृत कार्यतालिका (Gantt Chart), जनशक्ति परिचालन योजना र गुणस्तर नियन्त्रण योजना तयार गर्ने।

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रमोद भट्टराई
सचिव

## ५. परामर्शदाताको योग्यता (Consultant's Qualifications)

परामर्शदाता संस्थासँग वन्यजन्तु, वातावरण र पूर्वाधार विकासको क्षेत्रमा अनुभव भएको हुनुपर्नेछ। मुख्य जनशक्तिमा निम्न विशेषज्ञता आवश्यक हुनेछः

| क्र.सं. | पद (Position) | न्यूनतम योग्यता र अनुभव (Minimum Qualification and Experience) | जिम्मेवारी (Responsibilities) |
|---|---|---|---|
| १ | वन्यजन्तु विज्ञ/टोली नेता | स्नातकोत्तर (वन/वन्यजन्तु/प्राकृतिक श्रोत व्यवस्थापन), ५ वर्षको अनुभव (वन्यजन्तु व्यवस्थापन/ उद्धारमा अनुभव भएको) | सम्पूर्ण कार्यको योजना, कार्यान्वयन र गुणस्तर नियन्त्रणको नेतृत्व गर्ने। सरोकारवाला निकायहरू (वन मन्त्रालय, निकुञ्ज, DFO) सँग समन्वय र बैठकको नेतृत्व गर्ने। सबै प्रतिवेदन (Inception, Feasibility, DPR) को अन्तिम प्राविधिक गुणस्तर र आधिकारिकता सुनिश्चित गर्ने। लुम्बिनी प्रदेशको वन्यजन्तुको अवस्था, जोखिम क्षेत्र र उद्धारको आवश्यकताको विश्लेषण गर्ने। सम्भावित क्षेत्रमा भएको जैविक विविधता तथा वनको घनत्व तथा अवस्था विश्लेष्ण गर्ने । |
| २ | इन्जिनियर (Architect/Civil) | स्नातक (आर्किटेक्चर/सिभिल इन्जिनियरिङ), ५ वर्षको अनुभव (पूर्वाधार डिजाइनमा दक्षता) | छनौट गरिएको साइटको विस्तृत मास्टर प्लान र संरचनागत (Structural) डिजाइन तयार गर्ने। केन्द्रका सबै भौतिक संरचनाहरूको विस्तृत ड्रइङ, डिजाइन र लागत अनुमान (Bill of Quantities – BoQ) तयार गर्ने। साइटको स्थलाकृति (Topographic) र भू-प्राविधिक (Geotechnical) सर्वेक्षणको समन्वय र सुपरिवेक्षण गर्ने। |

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रमोद भट्टराई
सचिव

| | | | |
|---|---|---|---|
| ३ | पशु चिकित्सक | स्नातक ( पशु चिकित्सा), ५ वर्षको अनुभव | वन्यजन्तुको आनिवानी अनुसार वन्यजन्तुका लागि आवश्यक पर्ने Space निर्धारण गर्ने, वन्यजन्तुमा लाग्न सक्ने रोगहरु सर्न सक्ने सम्भाव्यता तथा त्यो बाट बच्ने उपायहरु सिफारिस गर्ने, घाईते वन्यजन्तु सम्वन्धि अन्य विषयहरु |
| ४ | वित्तीय/आर्थिक विश्लेषक | स्नातकोत्तर (अर्थशास्त्र/वित्त), ५ वर्षको अनुभव (DPR/Feasibility Study मा दक्षता) | परियोजनाको कुल लागत, लागत-लाभ विश्लेषण (Cost-Benefit Analysis) र वित्तीय दिगोपनाको मोडेल तयार गर्ने। लगानीका स्रोतहरू र केन्द्र सञ्चालनका लागि सम्भावित वित्तीय मोडेलहरूको सिफारिस गर्ने। सञ्चालन र मर्मत खर्च (O&M Cost) तथा राजस्वका स्रोतहरूको अनुमान गर्ने। |
| ५ | वातावरण तथा सामाजिक विज्ञ | स्नातकोत्तर (वातावरण विज्ञान/समाजशास्त्र), ५ वर्षको अनुभव | प्रस्तावित साइटको वातावरणीय प्रभावको अध्ययन गर्ने र नकारात्मक वातावरणीय प्रभाव न्यूनीकरण उपायहरू सिफारिस गर्ने। स्थानीय समुदायको राय, सरोकारवालाहरूको परामर्श र सामाजिक स्वीकृति (Social Acceptance) को मूल्याङ्कन गर्ने। वन्यजन्तुको पुनर्स्थापना (Rehabilitation) का लागि आवश्यक सामाजिक र वातावरणीय मापदण्डहरूको विकास गर्ने। |
| ६ | प्राविधिक | डिप्लोमा (इन्जिनियरिङ), ३ वर्षको अनुभव वा इन्जिनियरिङमा स्नातक भएको | प्रस्तावित साइटको स्थलगत अध्ययन तथा नाप जाँच गर्ने। |
| ७ | प्राविधिक | डिप्लोमा (वन/वातावरण), ३ वर्षको अनुभव भएको वा | स्थानीय समुदायको राय, सरोकारवालाहरूको परामर्श र |

प्रमोद भट्टराई
सचिव

| | | | |
|---|---|---|---|
| | | वन/वातावरण विज्ञानमा स्नातक भएको | सामाजिक स्वीकृति (Social Acceptance) को मूल्याङ्कन गर्ने। वन्यजन्तुको पुनर्स्थापना (Rehabilitation) का लागि आवश्यक सामाजिक र वातावरणीय मापदण्डहरूको विकास गर्ने। |

६. प्रतिवेदनहरूको प्रस्तुति (**Deliverables and Reporting**)

परामर्शदाताले तोकिएको समयसीमाभित्र निम्न प्रतिवेदनहरू नेपाली र अङ्ग्रेजी दुवै भाषामा (आवश्यकता अनुसार) पेस गर्नुपर्नेछ:

| क.सं. | प्रतिवेदन (**Report**) | समयसीमा (**Timeframe**) | सङ्ख्या (**Copies**) |
|---|---|---|---|
| १ | प्रारम्भिक प्रतिवेदन | सम्झौता भएको मितिबाट २ हप्ताभित्र | १ प्रति (Hard Copy) + Soft Copy |
| २ | सम्भाव्यता अध्ययन प्रतिवेदन (Draft) | सम्झौता भएको मितिबाट ६ हप्ताभित्र | १ प्रति (Hard Copy) + Soft Copy |
| ३ | विस्तृत परियोजना प्रतिवेदन (DPR) (Draft) | सम्झौता भएको मितिबाट २ महिना भित्र | १ प्रति (Hard Copy) + Soft Copy |
| ४ | अन्तिम प्रतिवेदन (Final DPR) | टिप्पणीहरू समावेश गरी २ महिना १५ दिन भित्र | ३ प्रति (Hard Copy) + Soft Copy |
| ५ | प्रस्तुतीकरण | प्रत्येक मस्यौदा प्रतिवेदनपछि (Client को माग अनुसार) | - |

७. समयावधि र भुक्तानी तालिका (**Timeframe and Payment Schedule**)

- **कुल समयावधि:** कार्य आदेश दिएको मितिबाट २ महिना १५ दिन।
- **भुक्तानी:** कार्य प्रगति र प्राप्त प्रतिवेदनको गुणस्तरको आधारमा तोकिएको सर्त अनुसार भुक्तानी गरिनेछ।

८. सुपरिवेक्षण तथा समन्वय (**Supervision and Coordination**)

- तोकिएको निकाय (लुम्बिनी प्रदेशको वन तथा वातावरण मन्त्रालय) ले परामर्शदाताको कार्यको सुपरिवेक्षण र समन्वय गर्नेछ।

प्रमोद भट्टराई
सचिव

- परामर्शदाताले नियमित रूपमा प्रगतिको जानकारी (Progress Report) सुपरिवेक्षकलाई उपलब्ध गराउनुपर्नेछ।

## ९. परामर्शदाता/संस्थाको योग्यता (Consultant/Firm Qualification)

- ✓ संस्थागत अनुभवः नीति तथा योजना निर्माण वा प्रोफाइल तर्जुमा वा सम्बन्धित क्षेत्रमा कम्तीमा ३ वर्षको अनुभव भएको।
- ✓ प्राविधिक टोलीः टोली प्रमुख, ईन्जिनियर, वित्तीय/आर्थिक विश्लेषक, वातावरण तथा सामाजिक विज्ञ र क्षेत्रगत प्राविधिकहरु समावेश भएको एक सुदृढ टोली।
- ✓ ज्ञान/दक्षताः नेपाल सरकारका निकाय वा संघ संस्थाको प्रोफाइल निर्माण तथा प्रदेशीय/स्थानीय योजना प्रक्रियाको गहिरो ज्ञान भएको।
- ✓ कालोसूचीमा नपरेकोः नेपाल सरकार मातहतको कुनै पनि परामर्श सेवामा कालोसूचीमा नपरेको तथा कुनै परामर्श सेवाका लागि अयोग्य वा प्रतिबन्धित नभएको ।
- ✓ संस्था दर्ता तथा नवीकरणः नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भई सामयिक नवीकरण भएको ।

## १०. लागत तथा भुक्तानी (Budget and Payment)

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ को हद भित्र परियोजनाको बजेट हुनेछ ।

**भुक्तानी विधि (Payment Modality):** परामर्शदाता/संस्थालाई कार्यको प्रगतिको आधारमा नतिजा-आधारित (Deliverable-based) किस्तामा भुक्तानी गरिनेछ । जस्तैः प्रारम्भिक प्रतिवेदन (२०%), मस्यौदा प्रतिवेदन (४०%), र अन्तिम प्रतिवेदन (४०%)।

**सीमा परिपालन (Adherence to Limit):** परामर्शदाताले प्रस्ताव पेस गर्दा यस सीमाभित्र नै रही प्रस्तावित टोलीको अवधि र दर (Rate) स्पष्ट उल्लेख गर्नुपर्नेछ।

## ११. प्रस्तावको ढाँचा (Proposal Submission Format)

आवेदकहरूले दुई छुट्टाछुट्टै खामहरूमा प्रस्ताव पेस गर्नुपर्नेछ । प्रस्तावपत्रका साथ देहाय बमोजिमका कागजपत्रहरू पेस गर्नु पर्नेछ ।

- ✓ निवेदन
- ✓ संस्था/फर्म/निकायको दर्ता नवीकरण प्रमाण पत्र
- ✓ मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र ।

प्रमोद भट्टराई
सचिव

- ✓ कर चुक्ता प्रमाण पत्र ।
- ✓ प्रस्तावित परियोजनाका लागि मुख्य कर्मचारीहरूको व्यक्तिगत विवरण ।
- ✓ प्राविधिक प्रस्तावपत्र सिलबन्दी थान १ ।
- ✓ आर्थिक प्रस्तावपत्र सिलबन्दी थान १ ।

## १२. प्रस्ताव मूल्याङ्कन (**Proposal Evaluation**)

प्राप्त प्रस्तावहरूको मूल्याङ्कन "गुणस्तर र लागतमा आधारित छनोट (Quality and Cost Based Selection - QCBS)" विधि अनुसार गरिनेछ।

- प्राविधिक प्रस्ताव (Weightage): ८०%
- वित्तीय प्रस्ताव (Weightage): २०%

प्राविधिक प्रस्तावमा न्यूनतम ६०% अङ्क प्राप्त गर्ने आवेदकहरूको मात्र वित्तीय प्रस्ताव खोलिनेछ।

## १२.१ प्रस्ताव पेस गर्ने प्रक्रिया

- इच्छुक परामर्शदाता/संस्थाहरूले २०८२/१२/२२ (आइतबार) दिनको ५:०० बजे भित्र वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश, देउखुरी दाङ मा दुवै खाम (खाम 'क' र 'ख') लाई एउटै ठूलो खाममा बन्द गरी लुम्बिनी प्रदेशको वन्यजन्तु उद्धार केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन (DPR सहित)को प्रस्ताव' शीर्षक लेखेर पेस गर्नुपर्नेछ।
- अन्तिम मिति वा समयपछि प्राप्त भएका कुनै पनि प्रस्तावहरू स्वीकार गरिने छैन।

## १३. सोधपुछ (**Inquiries**)

यस कार्यसर्त सम्बन्धी कुनै पनि जिज्ञासा वा स्पष्टीकरणका लागि प्रस्ताव पेस गर्ने अन्तिम मितिभन्दा कम्तीमा ७ दिन अगावै निम्न इमेल ठेगानामा सम्पर्क गर्न सकिन्छ:

- **सम्पर्क इमेल:** mofesc.planning@gmail.com
- सबै प्रस्तावदाताहरूले इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ । आर्थिक प्रस्ताव खोल्ने जानकारी, आशयपत्रको जानकारी लगायतका विषयहरू इमेल मार्फत जानकारी दिनुका साथै कार्यालयको वेभसाइटमा समेत सूचनाको रुपमा राखिनेछ ।

## १४. कार्यक्रमको लागी वजेट

यस कार्यक्रमको लागी मु.अ.कर र कन्टेन्जेन्सी खर्च समेत गरी रु १९,८२,०८४।८० रहेको छ ।

प्रमोद भट्टराई
सचिव

## अनुसुची-१

## प्राविधिक प्रस्तावको ढाचाँ

१. परामर्श दाताको परिचय (नाम, ठेगाना, सम्पर्क व्यक्ती, ईमेल आदी)

२. परामर्शदाताको अनुभव

३. विस्तृत विधी (METHODOLOGY)

४. कार्ययोजना (ACTION PLAN)

५. जनशक्ती र उनीहरुको सहमती पत्र

६. अन्य आवश्यक विषय

## अनुसुची-२

## आर्थिक प्रस्तावको ढाचाँ

| क.स. | विवरण | ईकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | जनशक्ती<br>क<br>ख<br>ग | | | | | |
| | स्थलगत फिल्ड अवलोकन बैठक/अन्तरकृया<br>छलफल मसलन्द/सामग्री सवारी साधन/यातायात<br>रिपोर्ट तयारी विविध | | | | | |
| | जम्मा | | | | | |
| | मु.अ.कर | | | | | |
| | कूल जम्मा | | | | | |

प्रमोद भट्टराई
सचिव